**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २३ सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- पश्चिम बंगालका मुख्यमन्त्री श्री सुबेन्दु अधिकारीले लागुपदार्थ विरुद्ध शून्य सहनशीलता नीतिको घोषणा गर्नुभएको छ I

- राष्ट्रपति द्रौपदी मुर्मुले युवाहरूको प्रयासबाट भारत बर्ष २०४७ भन्दा पहिले नै विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गर्नुभएको छ I

- प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धताका साथ उहाँको यो यात्रा आज पनि जारी छ।

- भारतीय जनता पार्टीले दार्जिलिङका लोकसभा सांसद तथा भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिष्टलाई सिक्किम राज्यको पार्टी प्रभारी नियुक्त गरेको छ।

- वित्त मन्त्रालयले सबै सार्वजनिक क्षेत्रका बैंक र क्षेत्रीय ग्रामीण बैंकहरू आइतबार, २७ सितम्बर खुला रहने बताएको छ।

**पश्चिम बंगाल - मुख्यमंत्री -लागु पदार्थ**

पश्चिम बंगालका मुख्यमन्त्री श्री सुबेन्दु अधिकारीले लागुपदार्थ विरुद्ध शून्य सहनशीलता नीतिको घोषणा गर्नुभएको छ I उहाले आफ्नो सरकारले लागुपदार्थ विरोधी अभियानलाई प्राथमिकता दिएको बताउनु भएको छ I

**1-Byte देबेन थापा**

आज कोलकाताको नयाँ शहरमा नशा मुक्त भारत २०२९ कार्यक्रमको शुभारम्भ गर्नुहुदै मुख्यमन्त्री श्री अधिकारीले केन्द्र र राज्यका एजेन्सीहरूले राज्यभरि संयुक्त रूपमा लागुपदार्थ विरोधी अभियान चलाइरहेका बताउनु भयो। बिधाननगरमा आज लगभग ३१ करोड रुपियाको प्रतिबन्धित कफ सिरपका तीन लाखभन्दा अधिक बोतलहरू नष्ट गरियो। यसअघि बालुरघाटमा लगभग २० करोड रुपियाको दुई लाख बोतलहरू नष्ट गरियो। मुख्यमन्त्री श्री अधिकारीले हालैको आपराधिक मुद्दाहरूमा लागूपदार्थको उपयोगको सम्बन्ध बाहिर आएको बताउनु भयो। उहाले भन्नुभयो -सरकारले सीमावर्ती क्षेत्रमा अफिम र गाँजाको अवैध खेती अन्त्य गर्न र यसको जराबाट लागुपदार्थ तस्करी रोक्नमा ध्यान केन्द्रित गर्नेछ।

**राष्ट्रपति- विकसित राष्ट्र**

**राष्ट्रपति द्रौपदी मुर्मुले युवाहरूको प्रयासबाट भारत बर्ष २०४७ भन्दा पहिले नै विकसित राष्ट्र बन्ने विश्वास व्यक्त गर्नुभएको छ I आज बडोदरको महाराजा सयाजीराव विश्वविद्यालयको ७५ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुदै उहाले भन्नुभयो -शिक्षा तब मात्र सार्थक हुन्छ जब यसलाई राष्ट्र र समाजको लागि प्रयोग गरिन्छ।**

**प्रधानमंत्री नरेंद्र मोदी- जनसेवाको 25 वर्ष**

प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धताका साथ उहाँको यो यात्रा आज पनि जारी छ। यसै दृष्टिकोणका साथ सरकारले वर्ष 2047 सम्म विकसित भारतको

लक्ष्यलाई हासिल गर्ने दिशामा लगातार काम गरि रहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास लगातार गरिन्दैछ। 'सेवा संकल्प अभियानको यस विशेष श्रृंखलामा आज हमिले कुरा गर्छौं प्रधानमंत्री नरेन्द्र जनमन योजनाबारे। योजनाले पछौटे परेका जनजाति आदिवासीको सामाजिक आर्थिक विकासलाई ठूलो टेवा दिएको छ।

**Byte -अशोक चौरासिया**

**भाजपा – राजु बिस्ट -सिक्किम प्रभारी**

**भारतीय जनता पार्टीले सांगठानिक पुनर्गठन अन्तर्गत दार्जिलिङका लोकसभा सांसद तथा भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिष्टलाई सिक्किम राज्यको पार्टी प्रभारी नियुक्त गरेको छ। पार्टीले आज विभिन्न राज्य तथा केन्द्रशासित प्रदेशका प्रभारी र सह-प्रभारीहरूको नयाँ जिम्मेवारीको घोषणा गरेको हो । सांगठानिक जिम्मेवारीमा भएको यो फेरबदल पार्टीको आगामी कार्ययोजना अन्तर्गत गरिएको हो।**

**वित्त मंत्रालय सार्वजनिक क्षेत्र बैंक -क्षेत्रीय ग्रामीण बैंक -आइतबार खुल्ला**

वित्त मन्त्रालयले सबै सार्वजनिक क्षेत्रका बैंक र क्षेत्रीय ग्रामीण बैंकहरू आइतबार, २७ सितम्बर खुला रहने बताएको छ। मन्त्रालयले भनेको छ, 'यो महिनाको २८ देखि ३० तारिखसम्म युनाइटेड फोरम अफ बैंक युनियन्सले आह्वान गरेको तीन दिवशीय राष्ट्रव्यापी बैंक हड्तालको पृष्ठभूमिमा यो कदम चालिएको हो। यो हड्ताल २६ र २७ सितम्बर सप्ताहन्तको छुट्टी पछि भइरहेको छ।

**माई भारत प्लेटफॉर्म -युवाहरुको भागीदारी**

माई भारत प्लेटफर्ममा पंजीकृत युवाहरूको संख्या तीन करोड भन्दा अधिक भएको छ। बर्ष २०२३ मा शुरु भएको यस प्लेटफर्मले युवाहरूको सहभागिता बढाएको छ। यसमार्फत युवाहरूले सिक्ने, स्वयंसेवा, नेतृत्व, नागरिक सहभागिता र युवा केन्द्रित गतिविधिहरूमा भाग लिइरहेका छन्। युवा कार्यक्रम र खेल मन्त्रालयको युवा कार्यक्रम विभाग अन्तर्गत माईभारत देशका युवाहरूलाई सिक्ने , नेतृत्व र समाजको सेवासँग जोड्ने राष्ट्रिय मञ्च हो। यसको उद्देश्य बर्ष २०४७ सम्म विकसित भारत निर्माणमा युवाहरूको सहभागिता सुनिश्चित गर्नु हो। गत वर्षको अक्टोबरमा प्लेटफर्ममा पंजीकृत संख्या दुई करोड नाघेको मन्त्रालयले एक बयानमा बताएको छ। यस वर्षको अगस्टसम्म यो संख्या बढेर २ करोड ४६ लाख पुगेको छ। अब यसले तीन करोडको आँकडा पार गरेको छ।

**गृह मन्त्रालय- विशेष अभियान**

गृह मन्त्रालयले सरकारी कार्यालयहरूमा स्वच्छ र पर्यावरण अनुकुल कार्यस्थल बनाउन विशेष अभियानको छैटौं चरण सञ्चालन गर्नेछ। यो अभियान अर्को महिनाको २ तारिखबाट शुरु हुनेछ र अर्को महिनाको ३१ तारिखसम्म जारी रहनेछ। सरकारी कार्यालयहरूमा सरसफाइलाई स्थायी बनाउने प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोण अनुरूप यो अभियान सञ्चालन गरिएको हो। यसको उद्देश्य पेन्डेन्ट कम गर्नुका साथै सरसफाइलाई बढावा दिनु, कार्यलाई सुव्यवस्थित गर्नु र बाँकी गुनासोहरूको समाधान गर्नु हो। अभियानको उद्देश्य प्राप्तिका लागि केन्द्रीय सशस्त्र पुलिस बल र केन्द्रीय पुलिस संगठनहरूलाई विशेष प्रयास गर्न निर्देशन दिइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले नोभेम्बर २०२५ देखि अगस्टसम्म आफ्नो मुख्यालय, क्षेत्रीय र अन्य कार्यालयहरूमा विचाराधिन विषयहरूको समाधान र सफा र राम्रो कार्यस्थल सिर्जना गर्ने दिशामा उल्लेखनीय प्रगति भएको जनाएको छ। विशेष अभियानको पहिलो संस्करण बर्ष २०२१ मा शुरु गरिएको थियो।

**पश्चिम बंगाल -महंगाई भत्ता**

सरकारी अनुदानित वा सरकारी सहायता प्राप्त विद्यालय, कलेज र विश्वविद्यालयका शिक्षकहरूको महँगाई भत्ताको बारेमा एक महत्त्वपूर्ण अपडेट बाहिर आएको छ। राज्य सरकारले आज कलकत्ता उच्च न्यायालय लाई सूचित गर्दै 'अनुदानमा सहायता' अर्थात् सहायता प्राप्त कर्मचारीहरूलाई पनि उनीहरूको बकाया डीए दिइने बताएको छ, यद्यपि यो सम्पूर्ण प्रशासनिक प्रक्रियाले

केही समय लिनेछ। एक शिक्षक संगठनले सहायता प्राप्त कर्मचारीहरूको बकाया डीएको माग गर्दै न्यायालय पुगेको थियो। यस मुद्दाको सुनुवाइको क्रममा राज्य सरकारले सरकारी सहायता प्राप्त शिक्षण संस्थाका कर्मचारीहरूलाई पनि बकाया डीएको लाभ पाउने स्पष्ट संकेत दिएको छ ।

**प्रवर्तन निर्देशनालय**

प्रवर्तन निर्देशनालयको कोलकाता कार्यालयले इन्जिनियरिङ फर्म म्याकन्ली भारत इन्जिनियरिङ कम्पनी लिमिटेड सँग जोडिएको कोलकाता, दिल्ली र बेंगलुरुका १६ परिसरहरूमा छापा मारेको छ। ईडीले विदेशी मुद्रा प्रबन्धन अधिनियम १९९९ अर्थात् फेमा अन्तर्गत यो कार्वाही भइरहेको बताएको छ। यस समयमा फेमाको सम्भावित उल्लङ्घनको स्रोत र लेनदेन र एम.बी.ई.सी.एलको नियन्त्रण प्राप्त गर्न प्रयोग गरिएको कोषको जाच पनि भइरहेको छ।

**दिघा-सौन्दर्यीकरण**

राज्यको पर्यटन नगरी दिघालाई अझ आकर्षक बनाउनको लागि सौन्दर्यीकरणको काम भइरहेको छ। यसै अन्तर्गत दिघाको प्रमुख प्रवेश द्वारमा रहेका 'दिघा गेट'-लाई नयाँ रूपमा सजाइएको छ। गेटबाट पुरानो 'विश्व बङ्गला'-को लोगोलाई पनि हटाइएको छ।नयाँ रूपमा सजिएको दिघा गेटले अब पर्यटकहरूको ध्यान आकर्षित गरिरहेको छ।

**दार्जीलिङ पुलबजार खण्ड-गोजमुमो -भेट**

दार्जीलिङ पुलबजार खण्डमा भइरहेका विकास कार्य तथा सरकारी योजनाहरूको कार्यान्वयनबारे जानकारी लिँदै आज गोर्खा जनमुक्ति मोर्चा को एक प्रतिनिधि टोलीले पुल -बिजनबारी खण्ड विकास अधिकारी तथा खण्ड पञ्चायत समितिका उपाध्यक्षसित भेट गरे ।गोजमुमो केन्द्रीय समिति प्रवक्ता विनिता रोकाको नेतृत्वमा प्रतिनिधि टोलीले क्षेत्रको समग्र विकास, जनहितका मुद्दा तथा सरकारी योजनाहरुको लाभ आम नागरिक सम्म पुर्याउने बिषयमा चर्चा भएको बताउनु भएको छ ।

**********